आर्थिक वर्ष २०८३/०८४
मल्लरानी गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्काले
गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्नुभएको

# मल्लरानी गाउँपालिका प्यूठानको
# नीति तथा कार्यक्रम

मल्लरानी गाउँपालिका
खलङ्गा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मिति २०८३ आषाढ ८ गते

**गाउँपालिकाका उपाध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु,**

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चात् नेपालको संविधान, २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरि तीन तहको शासन प्रणालीको व्यवस्था गरेको छ। सोही संवैधानिक व्यवस्था अनुरूप स्थानीय सरकारका रूपमा मल्लरानी गाउँपालिका वि.सं. २०७३ फागुन २७ गते स्थापना भई स्थानीय जनताको विकास, समृद्धि र सुशासनको आकाङ्क्षा पूरा गर्न निरन्तर क्रियाशील रहँदै आएको छ। संविधानले स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँसभामा निहित गरेको सन्दर्भमा म मल्लरानी गाउँपालिकाको गाउँसभाको १९औं अधिवेशनमा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु।

यस महत्वपूर्ण अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलन, जनअधिकारको स्थापना तथा सामाजिक रूपान्तरणका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। उहाँहरूले राष्ट्र र जनताका लागि पुर्‍याउनुभएको अतुलनीय योगदानको उच्च सम्मान गर्दै स्मरण गर्दछु। साथै विभिन्न आन्दोलनका क्रममा घाइते तथा पीडित हुनुभएका सम्पूर्ण महानुभावहरूप्रति सम्मान व्यक्त गर्दै उहाँहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

स्थानीय तहले सङ्घीय तथा प्रदेश सरकारका विकास लक्ष्य, नीति र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा समन्वय, सहकार्य र साझेदारीको महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। स्थानीय स्रोत, साधन र सम्भावनाको परिचालनमार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउँदै समृद्धिको आधार निर्माण गर्नु हाम्रो प्रमुख दायित्व हो। विकास निर्माणका अवसरहरूको विस्तार, सार्वजनिक सेवामा सहज पहुँच तथा विभिन्न निकायबीचको अन्तरसम्बन्ध र साझेदारीलाई थप प्रभावकारी बनाउँदै हामीले स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा नीति, योजना तथा कार्यक्रमहरू तर्जुमा गरि कार्यान्वयन गर्दै आएका छौं।

सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई केन्द्रमा राखी प्रभावकारी सेवा प्रवाहमार्फत जनविश्वास अभिवृद्धि गर्नु हाम्रो मूल उद्देश्य रहेको छ। कृषि, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सरसफाइ, सडक तथा अन्य आधारभूत पूर्वाधारका सेवाहरूलाई गुणस्तरीय, पहुँचयोग्य र दिगो बनाउँदै नागरिकको जीवनस्तर उकास्न गाउँपालिका दृढतापूर्वक प्रतिबद्ध छ।

शान्ति सुरक्षा, रोजगारी प्रबर्द्धन, सामाजिक सुरक्षा, मानव संसाधन विकास तथा संस्थागत क्षमता अभिवृद्धिमा स्थानीय सरकारको भूमिका अझ प्रभावकारी बनाउँदै सेवा प्रवाहलाई समावेशी, उत्तरदायी, व्यावसायिक, प्रतिस्पर्धी, सेवामुखी र आत्मनिर्भर बनाउने दिशामा हामी निरन्तर अग्रसर रहनेछौं। "समृद्ध मल्लरानी, सुखी मल्लरानीबासी"को साझा लक्ष्य हासिल गर्न सुशासन, विकास र जनसहभागितामा आधारित स्थानीय शासन प्रणालीको संस्थागत विकासप्रति हामी पूर्ण रूपमा प्रतिबद्ध रहेका छौं।

**आदरणीय, गाउँसभाका सदस्यज्यूहरु,**

अव म मल्लरानी गाउँपालिकाले आ.ब. २०८३।०८४को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधानका प्रस्तावना मौलिक हक राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- नेपालको संविधानको स्थानीय आर्थिक कार्यप्रणाली एवम् एकल तथा साझा अधिकारका सूचीहरु ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका विभिन्न प्रतिबद्धताहरु,
- सङ्घीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- सङघीय सरकार र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- मल्लरानी गाउँपालिकाको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- स्थानीय तह स्व-मूल्याङ्कनका आधारहरु,
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङकन कार्यविधिका आधारहरु,
- विगतका आर्थिक बर्षमा गाउँपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु,
- विकासका समसामयिक मुद्दाहरु: दिगो विकास सम्बन्धी नीति, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण र समावेशी विकास, बालमैत्री स्थानीय शासन, उर्जा सङ्कट लगाएका सम्बन्धित विषयहरु ।
- गाउँ कार्यपालिका तथा गाउँसभाका निर्णयहरु ।

आदरणीय गाउँसभा सदस्यज्यूहरु,

अब म मल्लरानी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## आर्थिक विकास

### क. कृषि तर्फः

१. कृषकहरुले खेतीपाती गर्दा आईपर्ने मौसमजन्य रोग र किराबाट बचाउनको लागि जैविक अजैविक बिषादीहरु कृषकहरुको बाली समस्याको आधारमा निराकरणको लागि कार्यक्रम सञ्चालन गरिनेछ।

२. "उत्पादनदेखि बजारसम्म" को अवधारणालाई आत्मसात् गर्दै व्यवसायिक कृषक, कृषक समूह तथा सहकारीमार्फत उत्पादित कृषि उपजको सहज बजारीकरणका लागि वडा तथा पालिकास्तरीय कृषक सञ्जाल प्रभावकारी परिचालन गरिनेछ।

३. रैथाने बालीको संरक्षण र प्रबर्द्धन मार्फत जैविक विविधता जोगाउँदै खाद्य सुरक्षा, पोषण सुधार र स्थानीय पहिचानलाई सुदृढ बनाइनेछ।

४. बाह्रै महिना सिँचाइ सुबिधा उपलब्ध क्षेत्रहरूमा व्यवसायिक तथा बहुबर्षीय खेती विस्तार गरि कृषिलाई आयआर्जनको भरपर्दो माध्यमको रूपमा विकास गरिनेछ।

५. स्थानीय उत्पादनको पहिचान, प्रबर्द्धन र बजारीकरणका लागि कृषि मेला, प्रदर्शनी तथा कृषि महोत्सवहरूमा सहभागिता सुनिश्चित गरिनेछ।

६. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सङ्घ तथा प्रदेश सरकारसँगको समन्वयमा विभिन्न बाली बिशेष पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिनेछ।

७. कृषकहरूलाई आधुनिक कृषि प्रविधि, उन्नत खेती प्रणाली तथा नवीनतम अभ्यासबारे जानकारी गराउन बाली तथा वस्तु बिशेष प्राविधिक तालिमहरू सञ्चालन गरिनेछ।

८. कृषकलाई आवश्यक रासायनिक मल सहज, नियमित तथा समयमै उपलब्ध गराउन सहकारी संस्थासँग समन्वय र आवश्यक सम्झौता गरि वितरण प्रणालीलाई थप व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाइनेछ।

९. तरकारी तथा फलफलु खेतीको माध्यमबाट कृषकहरुलाई स्वरोजगार बनाउनको लागि कृषि उपजको उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई विगत बर्षहरुमा जस्तै यस बर्ष पनि निरन्तरता दिइनेछ ।

१०. कृषकहरूले उत्पादन गरेका कृषि उपजको सङ्कलन, बजारीकरण तथा बिक्री व्यवस्थापनलाई सुदृढ बनाउन सङ्कलन केन्द्रमार्फत विक्रि-वितरणको व्यवस्था गरिनेछ। साथै बार्षिक रूपमा सबैभन्दा बढि कृषि उपज बिक्री गर्ने कृषकलाई विक्रि अभिलेखका आधारमा उत्कृष्ट कृषक घोषणा गरि पुरस्कृत गरिनेछ।

११. स्थानीयस्तरमा ताजा तथा स्वस्थ तरकारी उत्पादन वृद्धि गर्न व्यावसायिक तरकारी खेती, करेसाबारी तथा कौसी खेती प्रबर्द्धन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

१२. पालिकालाई आलु, अदुवा तथा बेसार उत्पादनमा आत्मनिर्भर बनाउँदै व्यावसायिक उत्पादन र निर्यात प्रबर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१३. बाँझो तथा उपयोगविहीन जग्गाको सदुपयोग गरि आयआर्जन वृद्धि गर्न कफी तथा विभिन्न फलफूल बालीको व्यावसायिक खेती प्रबर्द्धन कार्यक्रम सञ्चालनका लागि संघ तथा प्रदेश मातहतका कार्यालयहरुसँग समन्वय गरिनेछ।

१४. बाँझो जमिन भाडामा लिइ उपयोग गर्न चाहने कृषक तथा कृषक समूहलाई अनुदान एवम् प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

१५. उन्नत तथा गुणस्तरीय बीउको प्रयोगलाई बढाउँदै कृषि उत्पादन वृद्धि गर्न बीउ प्रतिस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

१६. तरकारी बालीमा वानस्पतिक तथा जैविक विषादीको प्रयोगतर्फ कृषकलाई प्रोत्साहित गरिनेछ।

१७. कृषि उत्पादनमा क्षति पुर्याउने वन्यजन्तुहरुको नियन्त्रणको लागि सरोकारवालाहरुसँग आवश्यक समन्वय गरिनेछ।

## ख. पशु सेवा तर्फ

१८. खेर गईरहेको बाँझो जमिनलाई सदुपयोग गरि पशुपन्छीको लागि आवश्यक आहारा विकास कार्यक्रम अन्तर्गत हिउँदे, बर्षे र बहुबर्षिय घाँसका बेर्नाहरु लगाउन प्रोत्साहन गरिनेछ।

१९. अर्गानिक कृषि उत्पादनमा टेवा पुर्‍याउनको लागि पशुपन्छीको मल मुत्रलाई कम्पोष्ट मलको रुपमा प्रयोग गर्न जोड दिईनेछ।

२०. मासु, अण्डा तथा अन्य पशुजन्य उत्पादनमा आत्मनिर्भर पालिका बनाउने उद्देश्यका साथ पशुपन्छीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी व्यवसायमुखी पशुपालन प्रबर्द्धन कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

२१. कृषकहरुलाई पशुपन्छी पालनको माध्यमबाट स्वरोजगार बनाउनका लागि पशुपन्छी वस्तुको उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

२२. नश्ल सुधार कार्यक्रम बाट पशुपन्छीहरुमा सङ्ख्यात्मक भन्दा गुणात्मक वृद्धि गराई गुणस्तरयुक्त पशुपन्छीहरुको उत्पादन बढाउनको लागि गाई भैँसिको कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि ईन्सिमिनेटर परिचालन गरिनेछ।

२३. "स्वस्थ पशु, सुरक्षित उत्पादन" अभियान अन्तर्गत 'डोर टु डोर' पशु उपचार सेवा र पशु स्वास्थ्य शिविरलाई निरन्तरता दिइनेछ । साथै महामारीजन्य रोगको रोकथाम तथा नियन्त्रणका लागि भ्याक्सिनेटर मार्फत खोप तथा उपचार सेवालाई प्रभावकारी बनाइनेछ ।

२४. पशुपन्छीहरुका लागि मिनरल मिक्स्चर र खनिज ढिक्का उत्पादन/उपयोगका लागि प्रविधि र सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२५. पशुपन्छी पालनलाई वातावरणमैत्रि बनाउँदै पशुपन्छीजन्य उत्पादित वस्तुहरुको बजारीकरणको लागि आवश्यक पहल तथा समन्वय गरिनेछ।

२६. पालिकाभित्र उत्पादित दूधको गुणस्तर सुनिश्चित गर्न डेरीहरूको नियमित अनुगमन तथा शुद्धता परीक्षण गरिनेछ। साथै, मापदण्ड अनुसार गुणस्तरीय दूध उत्पादन गर्ने कृषकहरूलाई प्रोत्साहन गर्दै दुधको बजारीकरणमा सहजीकरण गरिनेछ।

२७. व्यावसायिकरुपमा दुग्ध उत्पादन गर्ने कृषकहरुका गाई र भैंसिको विमा निशुल्क गरिनेछ।

२८. खसी, बोका, बङगुर. घ्यू र अण्डा उत्पादन गर्ने कृषकलाई प्रोत्साहनस्वरुप उत्पादनमा आधारित अनुदान रकम उपलब्ध गराईने कार्यलाई निरन्तरता दिइनेछ ।

२९. गाई/भैसीको नयाँ पकेट विकास कार्यक्रमलाई निरन्तरता दिदै भैसीं प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

### ग. सिंचाई तर्फ

३०. बाह्रै महिना सिँचाइ सुनिश्चित भएका बाँझो जमिनलाई हरियालीमा रूपान्तरण गर्दै उत्पादनमुखी खेती विस्तार गरिनेछ।

३१. सिँचित क्षेत्रको पहिचान गरि कच्ची सिँचाइ कुलोलाई क्रमशः पक्की संरचनामा रूपान्तरण गर्दै दिगो सिँचाइ प्रणाली सुदृढ गरिनेछ।

३२. गाउँपालिका क्षेत्रभित्रका सिँचाइ पोखरीहरूको संरक्षण, पुनर्निर्माण तथा आवश्यकता अनुसार नयाँ पोखरी निर्माणमार्फत सिँचाइ स्रोतको दिगो व्यवस्थापन गरिनेछ।

### घ. श्रम तथा रोजगार तर्फ

३३. सङ्घीय सरकार र प्रदेश सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरि सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायको लागि समन्वय सहजीकरण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्नका लागि लक्षित कार्यक्रम सञ्चालन/समन्वय गरिनेछ ।

३४. आन्तरिक रोजगारी प्रबर्द्धनका लागि व्यवसायिक ज्ञान,सीप र क्षमतालाई स्थानीयस्तरमा सम्मिलित गरी पुँजी निर्माण उद्यमशिलता विकास तथा व्यवसाय प्रबद्धन गर्ने नीति लिइनेछ ।

### ङ. उद्यम बिकास कार्यक्रम तर्फ

३५. उद्यम तथा व्यवसायको क्षेत्रमा आवश्यकता पहिचान गरि सिप विकास र प्रविधी हस्तान्तरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३६. गाउँपालिकामार्फत तयार भएका उद्यमीहरुलाई हस्तान्तरण गरिएको प्रविधि र सम्बन्धित उद्यमीको अवस्था बारे स्थलगत अनुगमन गरि जानकारी लिइनेछ । साथै उद्यम सञ्चालन गरि स्वरोजगार बन्न पहल गरिनेछ ।

३७. मल्लरानीको चिनारी बाघमुखे चुलेसीको उत्पादनलाई प्रोत्साहन गरिनेछ।

३८. स्थानीय कच्चा पदार्थबाट उत्पादन हुने खालका उद्यम तथा व्यवसायलाई प्राथमिकता दिईनेछ।

च. पर्यटन तर्फ

३९. मल्लरानी गाउँपालिकाको झाँक्रिस्थानलाई धार्मिक पर्यटकिय क्षेत्रको रुपमा विकास गरी आवश्यकताअनुसार पूर्वाधार निर्माण गर्न सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरिनेछ ।

४०.बुकिडाँडा, पालुकाथान, माझपानी, माटेचौर, प्रतापकोट, कुँडुले गुफा, दरभाने बगैचा लगायतका पर्यटकिय क्षेत्रहरुमा आवश्यक पूर्वाधार निर्माणको लागि सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।

४१. मल्लरानी पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि प्रत्येक वर्ष मल्लरानी डाँडामा सञ्चालन हुने "फुड फेस्टिबल"लाई सरोकारवाला क्षेत्रहरुको सहकार्य र समन्वयमा साविकको भन्दा फरक मोडालिटीमा सञ्चालन गर्न आवश्यक समन्वय गरिनेछ।

४२. खलङ्गा बजार क्षेत्रमा "स्ट्रिट फुड फेस्टिबल" सञ्चालन गर्ने सन्दर्भमा सम्बन्धित स्थानीयबासीहरुसँग आवश्यक समन्वय गरिनेछ।

४३. पर्यटन प्रबर्द्धनका लागि विभिन्न जातजातीको भाषा, भेषभुषा, संस्कृती संरक्षण तथा विभिन्न कोट तथा मठमन्दिरहरुको प्रबर्द्धन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४४. मल्लरानी गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण गरि आवश्यकताअनुसार पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माणमा जोड दिईनेछ।

४५. निर्माण सम्पन्न भएको मल्लरानी पर्यटकीय पुर्वाधार योजनालाई निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।

४६. मल्लरानी गाउँपालिका भित्रका सम्भावित क्षेत्रहरु वडा नं. ४ स्थित टोप्रेखर्क, वडा नं ३ को बुकेनी र वडा नं १ को थाम बस्तीमा होमस्टे सञ्चालन गरिनेछ।

४७. अधुरो रहेको खलङ्गा, स्वामिडाँडा, मल्लरानी पर्यटकीय पदमार्ग निर्माण गर्न आवश्यक पहल गरिनेछ।

छ. सहकारीतर्फः

४८. सहकारीमार्फत हुने वित्तीय कारोबारलाई सुरक्षित, पारदर्शी र भरपर्दो बनाउन सबै सहकारीहरूलाई COPOMIS प्रणालीमा आबद्ध गरि सहकारी संस्थाहरूको विवरण एकीकृत रूपमा व्यवस्थापन गरिनेछ।

४९. गाउँपालिका अन्तर्गतका सहकारी संस्थाहरुको नियमित अनुगमन गरी सोको आधारमा सहकारी संस्थाहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५०. सहकारीहरूको वास्तविक अवस्था अध्ययन तथा पहिचान गरि वित्तीय सुदृढता, दिगोपन र प्रभावकारिता अभिवृद्धिका लागि आवश्यकतानुसार मर्ज तथा विलयको नीति अवलम्बन गरिनेछ। साथै, कमजोर र दोहोरिएका सहकारीहरूको एकीकरणमार्फत सहकारी क्षेत्रलाई व्यवस्थित, सक्षम र दिगो बनाइनेछ।

## सामाजिक विकास

क. स्वास्थ्य तर्फः

५१. सबै नागरिहरुलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सबल मानव निमार्ण गर्न स्वास्थ्य क्षेत्रलाई बिशेष प्राथमिकता दिईनेछ ।

५२. नागरिकको स्वास्थ्यलाई मध्यनजर गरि स्वास्थ्य परिक्षणलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

५३. न्यूनतम सेवा मापदण्डअनुसार गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न आवश्यक पूर्वाधार, औषधि र उपकरणको व्यवस्था गर्दै स्वास्थ्य सेवा प्रणालीलाई एकीकृत रूपमा सुदृढ गरिनेछ। साथै स्वास्थ्य शाखा, स्वास्थ्य संस्था, गाउँघर क्लिनिक तथा खोप सेवाहरूको विस्तार र सुदृढीकरण गर्दै सेवा पहुँच विस्तार गरिनेछ।

५४. मल्लरानी गाउँपालिकाको वडा नं २ को कुँडारा, वडा नं ३ को चौरपानी र वडा नं ५ को कुमिकोट क्षेत्रबाट स्वास्थ्य सेवा सुचारु गरिनेछ।

५५. खलङ्गा प्राथमिक स्वास्थ्य केन्द्रबाट सञ्चालन हुने गरि एम्बुलेन्स सेवालाई सबै वडाहरुमा सेवा दिई सुत्केरी महिलाहरुलाई दिईँदै आएको एम्बुलेन्स सेवा निःशुल्क दिने कार्यलाई निरन्तरता दिइनेछ ।

५६. गाउँपालिका भित्रका पाठेघर खस्ने समस्या भएका महिलाहरुको पहिचान गरि उपचारको लागि आवश्यक सहयोग गरिनेछ।

५७. आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायत चिकित्सा प्रणालीलाई एकीकृत रुपमा विकास र विस्तार गरिनेछ।

५८. स्वास्थ्य ब्यवस्थापन सूचना प्रणालीलाई आधुनिकरण, गुणस्तर तथा प्रविधिमैत्री बनाई एकीकृत स्वास्थ्य ब्यबस्थापन प्रणालीको विकास गरिनेछ ।

५९. स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार सम्बन्धि जानकारी पाउने हकको प्रत्याभूती गरिनेछ।

६०. बाल तथा मातृ शिशु स्वास्थ्य सेवाको निरन्तरता गरि पूर्ण गर्भजाँच तथा संस्थागत प्रसुतीमा बिशेष जोड दिईनेछ।

६१. बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको निरन्तरता दिई कुपोषण, रक्तअल्पता तथा परजिवी नियन्त्रण र व्यक्तिगत सरसफाईमा बिशेष ध्यान दिईनेछ।

६२. जेष्ठ नागरिकको सम्मान गर्दै जनतासँग स्वास्थ्यकर्मी कार्यक्रम अन्तर्गत घरैमा गई औषधी तथा उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६३. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुले स्वास्थ्य क्षेत्रमा पुराउनु भएको योगदानको उच्च कदर गर्दै सेवालाई थप प्रभावकारी बनाउन प्रोत्साहन गरिनेछ ।

६४. नसर्ने रोगहरूको रोकथाम, स्वस्थ जीवनशैली प्रबर्द्धन तथा स्वास्थ्य सम्बन्धी सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा, सूचना प्रवाह र सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै विद्यालयस्तरमा स्वास्थ्य परीक्षण तथा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्दै कुपोषण, रक्त अल्पता, परजीवी संक्रमण नियन्त्रणमा जोड दिइनेछ।

६५. मल्लरानी गाउँपालिका क्षेत्रभित्रका गरिब, अति-गरिब,अपाङ्ग,असहाय, विपन्न परिवारका नागरिक, तथा जटिल प्रसव अवस्थाका सुत्केरीहरुलाई विशिष्टिकृत सेवाका लागि प्रेषण गर्नु परेमा प्रेषण खर्च उपलब्ध गराईनेछ ।

६६. एच.आई.भि. तथा पुःन दोहोरिएका क्षयरोगीहरुलाई पोषण खर्च उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

६७. पूर्ण खोप दिगोपनालाई स्थायित्व कायम गर्न खोप कार्यक्रमलाई विशेष जोड दिईनेछ। सबै स्वास्थ्य संस्थाहरुलाई क्रमिकरुपमा किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको बिस्तार गरि सुचिकृत गरिदै लगिनेछ ।

६८. स्वास्थ्य क्षेत्रको प्रगति एवं उपलब्धिलाई संस्थागत गर्दै थप उपलब्धि हाँसिल गर्न आवश्यक समन्वय, सहकार्य तथा साझेदारी गरिनेछ ।

६९. बिरामीको चापको आधारमा स्वास्थ्य संस्थालाई दिईने अनुदानलाई निरन्तरता दिईनेछ।

७०. पोषण मैत्री स्थानीय तह निर्माणको लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७१. विपद तथा अन्य महामारी ब्यवस्थापनका लागि आवश्यक ब्यवस्थापन तथा बृहत स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरि समुदाय स्तरमा द्रुत प्रतिकार्य टोलिलाई तयारी अवस्थामा राखिनेछ।

७२. नेपाल नेत्रज्योती सङ्घ, प्युठानसँगको सहकार्यमा खलङ्गा प्राथमिक उपचार केन्द्रमा सञ्चालन भईरहेको आँखा उपचार क्लिनकलाई निरन्तरता दिइनेछ।

७३. गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयका विद्यार्थीहरुको निशुल्क आँखा परिक्षण कार्य सञ्चालन गरिनेछ।

**ख. शिक्षातर्फः**

७४. सामुदायिक विद्यालयमा प्रारम्भिक बालबिकास देखि दश कक्षा सम्म निः शुल्क शिक्षाका लागि पाठ्यपुस्तक शुल्क, मासिक शुल्क, अतिरिक्त क्रियाकलाप शुल्क, खेलकुद शुल्क, कम्प्युटर शुल्क नलिने कार्यलाई निरन्तरता दिइनेछ ।

७५. प्राथमिक, आधारभूत र माध्यमिक तहका विद्यालयलाई गाउँपालिका अनुदान शिक्षक, एकमुष्ट अनुदान र शैक्षिक व्यवस्थापन अनुदानको व्यवस्था गरिनेछ ।

७६. प्रारम्भिक बालबिकासदेखि कक्षा बाह्रसम्मको शिक्षालाई प्रभावकारी बनाउन कक्षाकोठा व्यवस्थापनमा जोड दिइनेछ ।

७७. विद्यालय शिक्षामा गुणस्तर, पहुँच, समता, प्रविधि सहितको सिपयुक्त शिक्षा प्रदान गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

७८. सामुदायिक विद्यालयमा निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, छात्राहरुका लागि सेनिटरी प्याड तोकिएको कक्षामा दिवा खाजा कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

७९. विद्यालय अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाई प्राविधिक सहायता प्रदान गर्न शिक्षा विकास तथा समन्वय इकाई सँग समन्वय गरि रोष्टर समूह परिचालन गरिनेछ। रोष्टर शिक्षकको सुझावलाई समिक्षा गरि क्रमिक रुपमा सुधार गर्दै लगिनेछ।

८०. शैक्षिक सुधारका लागि अभिभावकहरुको भूमिका बढाउन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावक, शिक्षक र विद्यार्थी विच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

८१. सङ्घ तथा प्रदेश सरकारको सहकार्य र साझेदारीमा विद्यालयमा भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपांगमैत्री, सूचना प्रविधिमैत्री तथा भूकम्प प्रतिरोधी बनाइनेछ ।

८२. स्थानीय पाठ्यक्रम 'मल्लरानीको चिनारी'लाई निरन्तररुपमा कार्यान्वयन गर्न पाठ्यपुस्तकमा समयानुकुल अद्यावधिक गर्दै लगिनेछ ।

८३.विद्यालयको भौतिक सुधारको लागि शैक्षिक संस्थाहरुलाई सहायता प्रदान गरिनेछ।

८४. शैक्षिक सुधारका लागि शिक्षक दरबन्दी मिलान कार्यविधि अनुसार विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी मिलान कार्यलाई निरन्तरता दिइनेछ ।

८५. शिक्षक तथा कर्मचारीहरुको पेशागत दक्षता अभिबृद्धिका लागि क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८६. मल्लरानी गाउँपालिका स्तरीय आधारभूत तह कक्षा ८ को परीक्षालाई व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

८७. अभिभावक शिक्षा कार्यक्रमको माध्यमबाट अभिभावकलाई बालबालिका र विद्यालयप्रति जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

८८. संस्थागत विद्यालयको गाउँपालिकाबाट नियमन र अनुगमन गरि संस्थागत विद्यालयबाट लिने शुल्क तथा विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित गरिनेछ ।

८९. आधारभूत तहका विद्यार्थीहरुको प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।

**ग. यूवा तथा खेलकुदतर्फ**

९०. गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट विद्यार्थीहरुमा खेल प्रतिभाको पहिचान गरि जिल्ला, प्रदेश स्तरका खेलमा सहभागीता गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

९१. गाउँपालिका र वडा कार्यालयहरु मार्फत सञ्चालन गरेको युवा प्रतिभा पहिचान तथा युवा लक्षित कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९२. युवाहरूको माग, आवश्यकता र प्रतिभाको पहिचानलाई मध्यनजर गर्दै विगतमा सञ्चालन गरिएका खेलकुद प्रतियोगिताहरूलाई निरन्तरता दिई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

९३. खेलकुद क्षेत्रलाई युवाहरूको शारीरिक, मानसिक तथा नेतृत्व विकासको माध्यमका रूपमा स्थापित गर्दै खेलकुदमा व्यापक सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरी प्रोत्साहन गरिनेछ।

९४. गाउँपालिका भित्र विभिन्न स्थानमा रहेका खेलमैदानहरुलाई आवश्यकता अनुसार मर्मत तथा पुननिर्माण गरिनेछ।

९५. विगत वर्षहरुमा जस्तै विद्यालय, क्लब तथा संस्थाहरूको आवश्यकता अनुसार खेलकुद सामग्री उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

**घ. खानेपानी तथा सरसफाई तर्फः**

९६. मल्लरानी गाउँपालिकाबाट सञ्चालित खानेपानी आयोजनाहरुलाई क्रमिकरुपमा सम्पन्न गरि एक घर एक धारा बनाउने नीतिलाई निरन्तरता दिइनेछ।

९७. खानेपानीका मुहानहरुको पहिचान, संरक्षण तथा खानेपानीको शुद्धता मापन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

९८. खानेपानी आपूर्तिलाई सहज र प्रभावकारी बनाउन पालिकास्थित ठूला खानेपानी उपभोक्ता तथा सरसफाई समितिसँग अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

९९. गाउँपालिकामा सञ्चालित लिफ्ट खानेपानी आयोजनामा दिइदै आएको ५० प्रतिशत विद्युत महशुल अनुदानलाई थप व्यवस्थित गर्दै निरन्तरता दिईनेछ।

१००. N-WASH Application मार्फत खानेपानी आयोजना, सार्वजनिक शौचालय, फोहोरमैला व्यवस्थापन, विद्यालय, स्वास्थ्य संस्थाको विवरण N-WASH प्रणालीमा अद्यावधिक गरिनेछ।

१०१. गाउँपालिका भित्रका खानेपानी आयोजनाहरुको वितरण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक समन्वय गरिनेछ।

१०२. गाउँपालिका भित्रका खानेपानी आयोजनाहरुको मुल दर्ता प्रक्रियालाई निरन्तरता दिइनेछ ।

१०३. उपभोक्ताहरुबाट लिने लिफ्ट खानेपानीको महशुलमा एकरुपता कायम गर्न सम्बन्धित खानेपानी उपभोक्ता समितिसँग समन्वय र सहकार्य गरिनेछ। साथै उक्त छुटबाट उपभोक्ताहरुले उपयोग गरेको सुविधाको प्रभावकारीताका सम्बन्धमा समयसमयमा निरिक्षण तथा अनुगमन गरिनेछ।

**ङ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फः**

१०४. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति र कार्यक्रमलाई उच्च प्राथमिकता दिंदै पछाडी परेका वर्ग, क्षेत्र, जातजातिको सामाजिक, सांस्कृतिक, आर्थिक विकासमा प्रत्यक्ष लाभ हुने र हानिकारक मूल्यमान्यता कम गर्न सहयोग पुग्ने योजना तथा कार्यक्रम कार्यान्वयनको सुनिश्चितता गरिनेछ।

१०५. लैङ्गिक विभेदको अन्त्य गर्दे पछाडी परेका वर्ग तथा समूदाय दलित आदिवासी जनजाती पिछडिएका वर्ग अपाङ्गता भएका व्यक्ति लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई राज्यको सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको प्रत्याभूति हुने गरि कार्यक्रम सञ्चालन गरिनेछ।

१०६. लक्षित वर्गलाई फाईदा पुग्ने गरि सीप तथा क्षमता विकास तालिम सञ्चालन गरि गाउँपालिका क्षेत्रमा उपलब्ध रोजगारीका अवसरहरुको उपयोगका लागि सक्षम बनाउने कार्यलाई प्राथमिकता दिईनेछ।

१०७. आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै श्रोत साधन अवसर लाभमा महिलाको समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१०८. बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि बालमैत्री स्थानीय शासन पद्धति अनुरुप बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधी बनाई विद्यालय, वडा तथा पालिकास्तरमा बालबालिका विरुद्ध हुने सवै प्रकारका हिंसा, बालविवाह, साइबर अपराध, लागूपदार्थ दुर्व्यसनसँग जोडिएर हुने घटनाको व्यवस्थापन गर्न हिंसापीडित बालबालिका र किशोरीहरुका लागी हिंसाविरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरि सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१०९. बालविवाह न्युनिकरण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

११०. राज्यले प्रदान गरेको बालपोषण भत्ताको प्रभावकारी उपयोगका लागी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१११. लक्षित वर्गसँग सम्बन्धित गरिएका सन्धि महासन्धिको पालना गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरुलाई प्रभावकारी रुपमा मनाईनेछ।

११२. ज्येष्ठ नागरिकलाई सम्मान गर्ने किसिमका कार्यक्रमहरु तथा स्वास्थ्य सुरक्षा अन्तर्गत निःशुल्क आँखा उपचार कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ।

११३. ज्येष्ठ नागरिकको अधिकारको संरक्षण गर्दै समाजमा उनीहरुको सम्मानजनक र सहज जीवनयापन सुरक्षित र मर्यादित बनाउन स्वास्थ्य सेवा पहुँच, सामाजिक सुरक्षा, आवश्यक सहयोग, मनोरञ्जन, सम्मान, सामाजिक सहभागिता अभिवृद्धि तथा ज्ञान र अनुभव पुस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन

गरिनेछ ।साथै वडा तथा पालिकास्तरीय ज्येष्ठ नागरिक सञ्जाल-समिति परिचालन गरि ज्येष्ठ नागरिक लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।

११४. गाउँपालिकास्तरीय ज्येष्ठ नागरिक मिलन केन्द्र ब्यवस्थापन तथा सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ ।

११५. अपाङ्गता भएका ब्यक्तिको सम्मानजनक, सुरक्षित तथा सहज जीवनयापन सुनिश्चित गर्न उनीहरुको आवश्यकता र क्षमता अनुसार सीप तथा क्षमता विकास,अतिआवश्यक सहायक सामग्रीको उपलब्धता, पहुँचयोग्य वातावरण निर्माण तथा सशक्तिकरणका लागी कार्यक्रम सञ्चालन गरिनेछ।

११६. संविधान, प्रचलित कानून तथा मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्दै मानव अधिकारको संरक्षण प्रर्वद्धन तथा लक्षित वर्गको अधिकार सुनिश्चितताका लागि सचेतना, क्षमता विकास, सामाजिक समावेशीकरण तथा न्यायमा पँहुच अभिवृद्धी र अधिकारमुखी कार्यक्रम सञ्चालन गरिनेछ।

११७. जातीय भेदभाव, लैङ्गिक हिंसा न्यूनिकरण, प्रजनन् स्वास्थ्य, सकरात्मक सोच तथा तनाव ब्यवस्थापन, लागुऔषध दुर्व्यसन एवम् आत्महत्या निरुत्साहन सम्बन्धी सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिईनेछ।

११८. हिंसा पिडित महिला तथा किशोरीका लागि अल्पकालिन सेवा केन्द्र सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ साथै मनोसामाजिक परामर्शको लागि मनोविमर्शकर्ताको परिचालन गरिनेछ।

११९. योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गर्दा लैङ्गिकमैत्री बजेट निर्माणलाई प्राथामिकतामा राखि निरन्तरता दिईनेछ।

१२०. प्रत्येक बर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यलाई नियमित गरिनेछ।

## पूर्वाधार विकास

**क. सडक तथा पूल तर्फः**

१२१. मल्लरानी गाउँपालिकाको यातायात गुरुयोजना बमोजिम सडकहरुको स्तरोन्नति गर्दै लगिनेछ।

१२२. यातायात गुरुयोजनाले प्राथमिकतामा राखेको वा नियमित सार्वजनिक सवारी साधन चल्ने सडकहरुमा आवश्यकताका आधारमा सडक मर्मत सम्भारकर्ता (लेन्थ वर्कर) को व्यवस्था गरि सडक मर्मत कार्यलाई निरन्तरता दिईनेछ।

१२३. All Weather Road को रुपमा छनौट भई कार्य प्रारम्भ भएका सडकहरुलाई निरन्तरता दिईनेछ।

१२४. नयाँ ट्र्याक खोल्ने कार्यलाई न्यूनिकरण गर्दै सडक स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

१२५. पालिका स्तरमा निर्माण हुने झोलुङ्गे पुल/ट्रस पुल गैर सरकारी संस्था/निजि क्षेत्रसँगको सहकार्यमा निर्माण गरिनेछ ।

१२६. सङ्घीय सरकार र लुम्बिनी प्रदेश सरकारसँगको साझेदारीमा विभिन्न सडक स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२७. स्तरोन्नति भएका सडकहरु प्राथमिकताका आधारमा क्रमशः कालोपत्रे गरिनेछ ।

१२८. गाउँपालिकामा सञ्चालित योजना लाई प्रभावकारी रुपमा सञ्चालन गर्न र बर्षातको समयमा निरन्तर सडक सञ्चालन गर्न व्याकहो-लोडरको परिचालन गरिनेछ।

१२९. गाउँपालिकाको बजार क्षेत्रमा सडक सुरक्षाका लागि आवश्यकता अनुसार सडक ब्रेकर निर्माण गरिनेछ ।

**ख. उर्जातर्फः**

१३०. पालिकाभित्रका प्रमुख व्यापारिक क्षेत्र, सार्वजनिक स्थल र पर्यटकीय स्थलहरुमा सौर्य सडक वत्ती जडान गरिनेछ साथै, मर्मत कार्यलाई निरन्तरता दिईनेछ।

१३१. विद्युत क्षमता कम भएका क्षेत्रहरुमा क्षमता वृद्धिका लागि सम्बन्धित निकायसँग समन्वय तथा सहकार्य गरिनेछ ।

१३२. विद्युतिकरणबाट छुटेका घरधुरी पहिचान गरि विद्युत जडानका लागि पहल गरिनेछ ।

**ग. भवन तथा शहरी विकास**

१३३. आर्थिक बर्ष ०८३/८४ भित्र गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरिनेछ।

१३४. खलङ्गा बजार क्षेत्रलाई हरित शहरको रुपमा पहिचान दिलाउन आवश्यक समन्वय गरिनेछ।

१३५. बजार क्षेत्रभित्र सडक अवरोध गरि जथाभावी सवारी साधन रोक्ने कार्यलाई निषेध गरिनेछ।

१३६. घरको छतबाट पानी सडकमा खसाल्ने कार्यलाई पूर्ण नियन्त्रण गरिनेछ।

१३७. सार्वजनिक स्थलमा निर्माण सामग्री जथाभावी राख्ने कार्य रोक्दै, नहटाएमा आर्थिक ऐनबमोजिम जरिवाना गरि बजार व्यवस्थालाई अनुशासित बनाइनेछ।

१३८. निर्माण भैसकेका घरहरुको अनिवार्य अभिलेखिकरण गर्ने र नयाँ घर निर्माण गर्दा नक्शा पास गर्ने व्यवस्थाको थालनी गरिनेछ ।

१३९. सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१४०. प्रदेश तथा सङ्घीय सरकारसँगको सहकार्यमा विद्यालय भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१४१. समावेशी, लैङ्गिकमैत्री र पहुँचयोग्य पूर्वाधार निर्माण गरिनेछ।

१४२. भवन निर्माण गर्दा भूकम्पिय जोखिम न्यूनिकरण गर्नेतर्फ ध्यान दिदै भवन आचार संहिताको पालना गर्न प्रोत्साहित गरिनेछ।

१४३. गाउँपालिकाबाट वडातहमा सञ्चालन गरिने साना पूर्वाधारका योजनाहरुमा लागत अनुमानका आधारमा योजना छनौट गर्ने परिपाटीको विकास गरिनेछ।

१४४. आयोजना बैंक निर्माण गरि व्यवस्थित रुपमा योजना छनौट गर्ने व्यवस्था मिलाईनेछ।

**घ. सञ्चार**

१४५. मोबाइल नेटवर्कको समस्या भएको स्थानहरुमा नेपाल टेलिकमसँगको समन्वय तथा सहकार्यमा आवश्यकता अनुसार टावर निर्माणको लागि पहल गरिनेछ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

**क. वन**

१४६. जलवायु परिवर्तनको कारण बढ्दो तापक्रमको प्रभावलाई मध्यनजर गरि हरेक वडामा बढी अक्सिजन उत्सर्जन गर्ने र तापक्रम घटाउने प्रकृतिका रुखहरु वृद्धि गर्न वृक्षरोपण कार्यक्रम गरिनेछ।

१४७. विपद् प्रतिकार्य (आगलागि, वन डढेलो, चटयाङ, जलवायू परिवर्तन, बाढि र पहिरोको जोखिम) सम्बन्धी सरोकारवाला निकायसँगको सहकार्यमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४८. सामुदायिक वनहरुलाई पर्यटन र उत्पादनसँग जोडी उत्पादित वस्तु सङ्कलन, बिक्रि-वितरण र निकासीको व्यवस्थापनद्वारा आन्तरिक आम्दानी वृद्धिमा जोड दिईनेछ ।

१४९. मुख्य सडकको छेउछाउ तथा पहिरो गएका क्षेत्रमा वायो-इन्जिनियरिङ्ग गरि वातावरण अनुकुल पूर्वाधार निर्माणमा जोड दिईनेछ।

१५०. बाँझो तथा भिरालो जमिनमा विभिन्न फलफूल खेती, वन पैदावार बोटविरुवा रोपण गरि आयआर्जनमा जोड दिइनेछ ।

**ख. जलाधार संरक्षण**

१५१. जलाधार क्षेत्रको संरक्षणका लागि आवश्यक स्थानहरुमा रिचार्ज पिट निर्माण कार्यको थालनी गरिनेछ ।

१५२. जलवायु परिवर्तनको कारण खानेपानीका मुहान सुक्दै जाने समस्या न्यूनिकरण गर्न पानीका मुहान संरक्षण गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**ग. जलवायु परिवर्तन**

१५३. विकास योजना सञ्चालन गर्दा अवस्था पहिचान गरि विस्तृत परियोजना प्रतिवेदन तथा वातावरणीय प्रभाव मूल्याङ्कनका अभ्यासहरूलाई संस्थागत गरिनेछ।

१५४. जलवायू परिवर्तनलाई विपद्संग जोडी अनुकुलन सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५५. वातावरणमैत्री विकास पूर्वाधार निर्माणमा जोड दिइनेछ।

### घ. फोहोरमैला व्यवस्थापनः

१५६. गाउँपालिकाका बजार क्षेत्र, सार्वजनिक स्थल र स्वास्थ्य संस्थाहरुबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिदै फोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१५७. गाउँपालिकालाई नियमित रुपमा फोहोरमैला शुल्क बुझाउने गाउँपालिकाबासीलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१५८. बजार क्षेत्रमा घरबाट निस्कने कुहिने फोहोरमैलालाई व्यवस्थापन गर्न स्थानीय समुदायसँगको लागत साझेदारीमा प्राङ्गारिक मलको रुपमा परिणत गरि "**फोहोरबाट मोहोर**" कार्यक्रम सञ्चालन गर्न निजी क्षेत्रको साझेदारी गरिनेछ।

१५९. सञ्चालन भएको फोहोर व्यवस्थापन केन्द्रलाई थप व्यवस्थित गरिनेछ।

### ङ. प्रकोप नियन्त्रण तथा विपद् व्यवस्थापनः

१६०. विपद् व्यवस्थापनलाई प्रभावकारी गराउन स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय विपद् व्यवस्थापन समिति र समुदायस्तरमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१६१. विपद् पूर्वतयारीको लागि गाउँपालिकाको विपद् पूर्वतयारी तथा विपद् व्यवस्थापन योजनालाई पूर्ण कार्यान्वयनमा ल्याईनेछ ।उद्वारमा प्रयोग हुने आवश्यक सामाग्रिको भण्डारण, उद्धारका लागि पहिचान भएका खुला क्षेत्रहरुमा खानेपानी, शौचालय लगायत अन्य पूर्वाधारको व्यवस्थापन गरिनेछ।

१६२. आगलागि नियन्त्रणको लागि अन्तरस्थानीय तह सहकार्यमा वारुणयन्त्र परिचालन गर्न आवश्यक समन्वय गरिनेछ।

## सुशासन तथा संस्थागत विकास

### क. मानव संशाधन विकास संस्थागत क्षमता विकासः

१६३. मल्लरानी गाउँपालिकाको क्षमता विकास योजनाको आधारमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुको साथै कार्यक्षमता र कार्यकुशलताका आधारमा प्रोत्साहन तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१६४. जनप्रतिनिधि र कर्मचारीहरुको आवश्यकता अनुसार क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१६५. वित्तीय अनुशासन र सार्वजनिक जवाफदेहिता कायम गर्न र सार्वजनिक वित्त व्यवस्थापनमा थप प्रभावकारी बनाउन यस सम्बन्धि विभिन्न कानुन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड र

दस्तावेजहरु तर्जुमा गरि कार्यान्वयन गरिनेछ। यस कार्यका लागि सरोकारवालाहरु सँग समन्वय गरि प्राविधिक सहायता लिईनेछ।

१६६. सङ्घीय सरकार र प्रदेश सरकारबाट छनौट सञ्चालन र व्यवस्थापन भएका योजनामा दोहोरोपना आउन नदिने गरि योजना छनौट गरिनेछ, साथै यस्ता योजनाहरु तोकिएको समयभित्र तोकिएको गुणस्तर परिमाण र लागतमा सञ्चालन तथा व्यवस्थापन गर्न गाउँपालिकाबाट समन्वयात्मक कार्य गरिनेछ ।

१६७. गाँउपालिकामा सञ्चालन हुने कार्यक्रमलाई अझ प्रभावकारी र पारदर्शी बनाउन सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षण, प्रगति समिक्षा, समन्वय बैठक जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६८. गाउँपालिकाको बेरूजुहरूको अभिलेखीकरण तथा सम्परिक्षण गरि प्रतिवेदन तयार गर्ने कार्यलाई निरन्तरता दिँदै शुन्य बेरूजु कायम गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१६९. जनता सु-सुचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न कार्यालयबाट सम्पादित कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, चौमासिक सार्वजनिकरण गर्ने कार्यलाई मिडिया सहकार्य गरि सूचना प्रवाह गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१७०. सेवाप्रदायक र सेवाग्राहिबीचको दुरी कम गर्नको लागि नागरिक सन्तुष्टी सर्वेक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१७१. प्रत्येक आ.ब. को चौमासिकमा हुने सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिक सन्तुष्टी सर्वेक्षणबाट आएका सल्लाह र गुनासोलाई तत्काल सञ्चार माध्यम रेडियो कार्यक्रम मार्फत निराकरण गरिनेछ ।

१७२. सेवा प्रवाहलाई प्रभावकारी बनाउन एकिकृत घुम्ती शिविर सञ्चालन गरि मानव स्वास्थ्य शिविर, पशु स्वास्थ्य शिविर, राजश्व सङ्कलन, ज्येष्ठ नागरिक र अपाङ्गता परिचय पत्र वितरणका लागि बस्तिस्तरबाट सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१७३. खरिद योजना अनुसार वार्षिक खरिद गरिने खरिद एकद्वार प्रणालीमार्फत गरिनेछ ।

१७४. गाउँपालिकामा सञ्चालनमा रहेको सम्पती व्यवस्थापन प्रणाली (PAMS) लाई थप व्यवस्थित गरिनेछ र गाउँपालिकामा रहेका सार्वजनिक सम्पत्तीहरुको खोजि गरि संरक्षण गरिनेछ।

१७५. टोल विकास संस्था गठन गरि टोल विकास संस्थामार्फत आयोजना तथा कार्यक्रम कार्यान्वयनलाई पहिलो प्राथमिकता दिईनेछ।

१७६. गाउँपालिका तथा वडा कार्यालयहरुमा राखिएको नागरिक वडापत्रलाई अद्यावधिक तथा व्यवस्थित गरिनेछ। साथै गाउँपालिका कार्यालयमा हेल्पडेक्स कक्षको व्यवस्था गरिनेछ।

१७७. गाउँपालिकाबाट स्थापनाकाल देखी निर्माण गरिएका ऐन, कार्यविधि, नियमावली, निर्देशिका, मापदण्ड र अन्य दस्तावेजलाई समयानुकुल परिमार्जन गर्दै लगिनेछ।

१७८. गाउँपालिकाभित्र सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुको गुणस्तर कायम गर्न प्रभावकारी अनुगमन गरिनेछ।

१७९. नागरिकलाई गुणस्तरीय, सहज तथा प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरिएको सेवा प्रवाह इकाइलाई निरन्तरता दिँदै थप व्यवस्थित र सुदृढ बनाइनेछ।

१८०. जनप्रतिनिधि तथा कर्मचारीहरूको ज्ञान, सीप, क्षमता र कार्यसम्पादनमा सुधार ल्याउन अन्तरपालिका तथा नमूना स्थानीय तहहरूको अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

१८१. नागरिकका भौतिक निर्माण तथा सामाजिक कार्यमा पालिकाको जवाफदेहीता प्रबर्द्धन गर्नका लागि गुनासो सुनुवाई र सम्बोधन प्रक्रियालाई चुस्त र पहुँच योग्य बनाउने कार्यलाई निरन्तरता दिईनेछ।

१८२. आन्तरिक नियन्त्रण प्रणाली लागू गरिनेछ।

**ख.सूचना प्रविधि तर्फः**

१८३. स्मार्ट मल्लरानी कार्यक्रम अन्तर्गत गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा मूख्य सार्वजनिक स्थलहरुमा CCTV जडान गरि सुरक्षा निगरानी गर्ने व्यवस्थालाई थप मजबुद गरिनेछ।

१८४. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, आधारभूत र माध्यमिक तहका विद्यालयहरुमा सञ्चालनमा रहेको विधुतीय हाजिरी प्रणालीलाई थप व्यवस्थित गरिनेछ र जडान गर्न बाँकी रहेका प्राथमिक तहका विद्यालयमा विस्तार गरिनेछ, हाजिरीको नियमन गाउँपालिकाबाट गरिनेछ।

१८५. नियमित सेवा प्रवाहमा सहजता ल्याउन सूचना प्रविधिसँग सम्बन्धित सामग्री तथा उपकरणको वैकल्पिक व्यवस्था गरिनेछ।

१८६. गाउँपालिकाको गतिविधि सहितको वृत्तचित्र निर्माण गरिनेछ।

१८७. गाउँपालिकामा सञ्चालनमा रहेका सूचना प्रणालीलाई एकिकृत बनाई Local Server स्थापना गरिनेछ साथै डकुमेन्ट व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याईनेछ।

१८८. गाउँपालिकाको विद्युतीय पार्श्वचित्रलाई गाउँपालिका भित्रका सबै घरधुरीको वस्तुस्थिती विवरणमा थप सूचकहरु समावेश गरि अद्यावधिक गरिनेछ।

**ग.राजश्व तर्फः**

१८९. डिजिटल कर प्रणाली लागू गर्न पुर्ण रुपमा SUTRA मा आधारित कर दाखिला प्रक्रियाको सुरुवात गरिनेछ।

१९०. समयमै कर तिर्ने करदातालाई दिइदै आएको कर छुट र नियमित तथा बढी कर तिर्ने करदातालाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१९१. गाउँपालिकाले संविधान तथा कानुनबमोजिम असुल गर्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र वैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाईनेछ।

१९२. करदातालाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागि गराउन समग्र राजस्व प्रणालीलाई करदाता मैत्री बनाइनेछ।

१९३. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन कार्यलाई निरन्तरता दिईनेछ।

१९४. करको दायरा विस्तार गरि आन्तरिक राजश्व क्षमतालाई मजबूत गरिदै लगिनेछ।

१९५. साविकको गरिबी निवारण कोषमार्फत परिचालन भएका समुहहरुको नियमन तथा उचित व्यवस्थापनको लागि गाँउपालिका मातहतको दर्तामा ल्याउने प्रक्रिया थालिनेछ।

१९६. ग्रामिण क्षेत्रमा सञ्चालनमा रहेका अटोरिक्सालाई गाउँपालिक भित्र दर्ता प्रक्रियामा ल्याउन आवश्यक पहल गरिनेछ ।

१९७. गाउँपालिकाभित्र सञ्चालित विद्युतिय मिल लगायत अन्य मेसिनरी औजारहरुलाई आवश्यकता अनुसार दर्ता प्रक्रियामा ल्याउन पहल गरिनेछ ।

## घ. सहकार्य र समन्वयः

१९८. गाउँपालिकाबाट सञ्चालन भएका ठूला योजनाहरुको अनुगमनमा जिल्ला समन्वय समिति र सञ्चार माध्यमहरुलाई समेत सहभागी गराई पृष्ठपोषण लिने र समन्वयको कार्यलाई अगाडी बढाउने कार्यलाई निरन्तरता दिइनेछ।

## ङ. न्यायिक समिति

१९९. मेलमिलापको माध्यमबाट न्याय सम्पादनको कार्यलाई प्रभावकारी र सहज वनाउन मेलमिलापकर्ताहरुलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

२००. मल्लरानी गाउँपालिका भित्रका समुदायको न्यायमा सहज पहुँच स्थापित गर्न कानुनी सचेतना सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

२०१. न्यायिक समितिमा प्राप्त उजुरीहरुलाई मेलमिलापकै माध्यमबाट निरुपण गर्न प्राथमिकता दिईनेछ।

२०२. न्यायिक समिति र मातहतका मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२०३. गाउँपालिका र वडामा स्थापना गरिएको मेलमिलाप केन्द्रबाट विवादलाई समाधान गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

२०४. माध्यमिक विद्यालय तहमा विद्यार्थी र अभिभावकहरुको सहभागितामा कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२०५. न्यायसँग सम्बन्धित सरोकारवालाहरुसँग आवश्यकता अनुसार अन्तरक्रिया कार्यक्रम एवम् मेलमिलापकर्ताहरुको अनुभव तथा सिकाई आदान प्रदानका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२०६. न्यायिक समितिको जिल्लास्तरिय सिकाई तथा अनुभव आदान प्रदान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२०७. गाउँपालिकाभित्र गठन भएका विभिन्न सञ्जालका प्रतिनिधिहरुलाई कानुनी सचेतना सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२०८. वडा तथा बस्तितहमा न्यायिक समितिले सम्पादन गर्ने न्यायिक कार्यका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

अन्त्यमा मल्लरानी गाउँपालिकालाई जनचाहना अनुरुपका विकासका गतिविधि सञ्चालन गर्न जोड दिईनेछ । गाउँपालिकाबाट प्रदान गरिने सेवालाई सूचना प्रविधिमैत्री वनाई चुस्त र पारदर्शि ढङ्गले सेवा प्रदान गरिनेछ। आम गाउँबासीका गुनासाहरुलाई यथासम्भव सम्बोधन गरिनेछ। साथै गाउँपालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्‍याउन नेपाल सरकार, प्रदेश सरकार, आम मल्लरानीबासी, विकास साझेदार, निजि क्षेत्र, सहकारी संस्था, गैर सरकारी संस्था, सञ्चारजगत, कर्मचारी वर्गहरुमा हार्दिक अपिल गर्दछु। नीति कार्यक्रम तर्जुमामा महत्वपूर्ण सल्लाह सुझाव तथा सहयोग पुऱ्याउने सबै जनप्रतिनिधि ज्यूहरु, सम्पूर्ण राजनैतिक दलहरु, सरोकारवालाहरु र मल्लरानी गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण पक्षको साथ र सहयोग प्राप्त हुनेमा विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद।**

कृष्णबहादुर खड्का